पाठ ५

# कामलाई बुझ्नुहोस्

मेरो देशमा एउटा कथा यस्तो छः खेतमा मेहनतसाथ काम गरेको तीन महिनापछिको घटना यो हो। त्यो वर्ष प्रशस्तै पानी पऱ्यो र बालीनाली पनि राम्रो भयो। गाउँका प्रधानले ठूलो उत्सव मनाउनका निम्ति मानिसहरूलाई बोलाए। पुरुष र स्त्री, केटा र केटीहरू बजारमा थुप्रिए। तिनीहरू चारै दिशाबाट आएका थिए।

नाच्ने समूहहरूले आफ्ना-आफ्ना नाच देखाइरहेका थिए। मानिसहरू यताउति हिँड्रिरहेका थिए। पूरै गाउँ नै बजारमा आएको जस्तो देखिन्थ्यो। करीब मध्यदिनतिर भीड्को बीचबाट ठूलो चित्कारको आवाज सुनियो। आफू खतरामा भएको जस्तो गरी एक व्यक्ति चिच्च्याइरहेको थियो। सबैको ध्यान उसैतिर गयो।

"के भयो?" भन्दै एउटाले अर्कालाई प्रश्न गर्न लागे। त्यो व्यक्ति बौलाह भयो भनी कसैले विचार गर्न लागे। तर त्यस मानिसले आफू बौलाह होइन भन्दै आफ्नो चिच्च्याइको कारण बतायो। उसले भन्यो, "जब मैले यो भीड्लाई हेरें, तब मैले विचार गरें कि हामी अहिले हिँड्राखेको पृथ्वीमुनि हामी पुग्ने दिन आइराखेको छ। हराएको भावना ममा यति चर्को भयो कि



मलाई चिच्च्याउन करै लग्यो। म आफैभित्र गहिरो रूपले चिच्च्याउन चाहन्थें, तर मैले आफूलाई अधीन गर्नै सकिनँ। यो बाहिर निस्किहाल्यो!''

यस कथाले मलाई यरूशलेममा भएको चाड़को अन्तिम दिनलाई याद दिलाउँछ। परमेश्वरलाई नभेटीकनै यरूशलेमबाट सबै जातिहरू फर्किन लागेका थिए। ख्रीष्टले ठूलो नोक्सानको महसूस गरी यसो भनेर कराउनुभयोः ''यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्'' (यूहन्ना ७:३७)।

येशूको चिच्च्याइ सहायता गर्ने इच्छाबाट आएको थियो। हाम्रो वरिपरि ठूलो खाँचो छ। मानिसहरू ख्रीष्टविना मरिराखेका छन्। ठूलो नोक्सान भएको छ। जबसम्म हामी यसलाई महसूस गर्दैनौं, हाम्रो अनुभव बाँड्नका लागि हामीले पूर्ण प्रयास गर्दैनौं। व्यक्तिगत सुसमाचार प्रचारको निम्ति ठूलो आवश्यकता देख्नको लागि यस पाठले तपाईंका आँखा खोलिदिएको होस्।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ . . .**

सेवकहरूको आवश्यकता छ
दर्शनको आवश्यकता छ
समर्पणको आवश्यकता छ
प्रार्थनाको आवश्यकता छ
नम्रताको आवश्यकता छ
समझको आवश्यकता छ
  आफ्नो काम जान्नुहोस्
  बाइबल जान्नुहोस्

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- व्यक्तिगत सुसमाचार प्रचारमा प्रभावशाली हुनका लागि सेवकलाई केको आवश्यकता पर्छ सो व्याख्या गर्न।
- सुसमाचार बाँड्ने जरूरी र महत्त्वपूर्णताको महसूस गर्न।

---

**सेवकहरूको आवश्यकता छ**

---

उद्देश्य १: *हामी सबै व्यक्तिगत सुसमाचार प्रचारको काममा संलग्न हुनुपर्ने कारणहरू उल्लेख गर्नु।*

यदि हामीले हाम्रा वरिपरि हेऱ्यौं भने, ख्रीष्टविनाका लाखौं मानिसहरूलाई हामी देख्छौं। हामी अस्पतालहरूमा गयौं भने ख्रीष्टविना मरिराखेका धेरै व्यक्तिहरूलाई देख्छौं। समुद्रका किनारहरूमा जानुहोस्, बजारमा जानुहोस्, रङ्गशालाहरूमा जानुहोस्, ख्रीष्ट र उहाँको सुसमाचार नसुनेका धेरै मानिसहरूलाई तपाईं त्यहाँ देख्नुहुन्छ।

कामको महानताको बारेमा जब येशूले चेलाहरूलाई बताउनुभयो, उहाँले यसलाई बाली पाकेको ठूलो खेतसँग तुलना गर्नुभयो। तर कामदारहरू थोरै छन् भनी उहाँले भन्नुभयो (मत्ती ९:३७ हेर्नुहोस्।)।

धेरै ख्रीष्टियानहरू यति ठूलो आवश्यकताको बारेमा सचेत छैनन्। आत्माहरू जित्ने काम तिनीहरूको होइन भनी कोही-कोहीले बताएका छन्। कोही-कोही डर वा मानिसहरूसँग कसरी कुरा गर्ने भनी नजानेको कारण रोकिन्छन्। तरै पनि मण्डली अर्थात् एकलेसिया इतिहासमा अरू समयहरूमा भन्दा यस समयमा फसलका परमप्रभुका निम्ति सेवकहरूको अति नै खाँचो छ। "मेरो निम्ति को जाने? अविश्वासीका निम्ति मैले गरेको बलिदानको कामलाई कसले बताउने? हिँड्नको निम्ति मेरो खुट्टा, र बोल्नको निम्ति मेरो मुख को हुने?" भनी उहाँले हरेक दिन बोलाउनु र बिन्ती गरिरहनुभएको छ।

काम गर्नका लागि स्वर्गदूतहरू इच्छुक हुनेथिए, तर तिनीहरूलाई प्रयोग गर्न परमेश्वरले चाहनुभएन। उहाँको इच्छाचाहिँ मानिसहरूलाई नै प्रयोग गर्नु हो। यदि प्रत्येक ख्रीष्टियान व्यक्तिगत सुसमाचार प्रचारमा संलग्न भयो भने, धेरै मानिसहरू पापमा मर्ने थिएनन् र संसारमा पनि धेरै ख्रीष्टियानहरू हुने थिएजस्तो मलाई लाग्छ। येशूको आज्ञा एउटा देशलाई मात्र दिइएको थिएन। यो *सारा* संसारलाई नै दिइएको थियो। यसमा पृथ्वीको अन्त पनि संलग्न गरिएको छ। येशूले हामीलाई दिनुभएको काम निश्चय नै सानो छैन। यो ता हामीले कल्पना गर्न नसक्नेभन्दा पनि ठूलो हो। जहाँतहीँ सेवकहरूको खाँचो छ।

आज धेरै मानिसहरू ख्रीष्टमा आइराखेका छन् भन्ने खबर साँचो हो। सारा संसारभरि लाखौं मानिसहरूले उहाँको प्रशंसा गरिराखेका छन्। यस अचम्भित कामको लागि हामी परमेश्वरलाई

धन्यवाद चढ़ाउँछौं। तर संसारको जनसंख्या छिटो-छिटो वृद्धि भइराखेको छ। यसको अर्थ यही नै हो कि फसलको खेत बढ़िरहन्छ। गरिनुपर्ने कामलाई जब हामी हेर्छौं, हामी वेदनामा चिच्च्याउँछौं। किनभने लाखौं व्यक्तिहरू अझै पनि पापमा जिइराखेका छन्।



फसलका कटनीमा हाम्रो काम पहाड़मा ढुङ्गा फालेको जस्तो वा समुद्रमा एक बाल्टी पानी खन्याएको जस्तो देखिन्छ भनी तपाईं विचार गर्नुहोला। तर हामीहरू प्रत्येक जब व्यक्तिगत प्रचारक बन्छौं र हाम्रा वरिपरि नाश भइराखेका व्यक्तिहरूप्रतिका जिम्मेवारीहरूमा सचेत हुन्छौं, तब हामीहरू नतिजा देख्न थाल्छौं।

फसलको प्रभुसँग हामी प्रार्थना गरौं र आफ्नो फसल जम्मा गर्नका लागि उहाँले सेवकहरू पठाउनुभएको होस्। अनि तपाईंले प्रार्थना गर्नुहुँदा "प्रभु म यहाँ हाजिर छु, मलाई पठाउनुहोस्" भन्न तयार हुनुहोस्। यदि तपाईंले यसो गर्नुभयो भने, ख्रीष्टसँगै सहकर्मी हुन पाएको आनन्द तपाईंले अनुभव गर्नुहुनेछ।

विशेष सेवाहरू मण्डली अर्थात् एकलेसियामा कोही-कोहीलाई दिइएको कुरा साँचो हो। (एफिसी ४:११ पढ्नुहोस्।) तर व्यक्तिगत सुसमाचार प्रचार प्रत्येक ख्रीष्टियानको लागि हो। कोही व्यक्तिले यसो भनेका छन्, "व्यक्तिगत सुसमाचार प्रचार सारा संसारको निम्ति, सारा मण्डलीको सारा काम हो। हामीले नयाँ जन्म पाएका छौं। हामी अब आफ्नै होइनौं। अब हामी पूरा रूपमा हाम्रा नयाँ प्रभु र मालिकको सेवा गरौं।

### तपाईंको अभ्यासको निम्ति

१ फसलको मालिक को हो? ..........................................

२ फसलको कटनीमा सेवक (कामदार)-हरू को-को हुन्?

..........................................................................

३ के कुराको कटनी गरिएको छ? ......................................

..........................................................................

४ व्यक्तिगत सुसमाचार प्रचारमा किन सेवकहरूको कमी छ भनी साँचो कारण दिने प्रत्येक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

क) के गर्नुपर्ने हो सो ख्रीष्टियानहरूलाई थाहा छैन।
ख) यस कामको लागि पर्याप्त ख्रीष्टियानहरू छैनन्।
ग) ख्रीष्टविना कति मानिसहरू मरिराखेका छन् भन्ने कुरा धेरै ख्रीष्टियानहरूले महसूस गर्दैनन्।
घ) ख्रीष्टियानहरू कति पल्ट त साक्षी दिनलाई डराउँछन्।

ङ) प्रत्येक ठाउँमा परमेश्वरले केही सेवकहरूलाई मात्र छान्नुभएको छ।

५ परमेश्वरको फसलको खेतमा भएका सेवकहरूका आवश्यकतालाई परमेश्वरले कसरी जवाफ दिनुहुन्छ?

**क**) सेवकहरू जाऊन् भनी हामीले प्रार्थना गरेको उहाँ चाहनुहुन्छ।

**ख**) काम गर्नका लागि उहाँले स्वर्गदूतहरू पठाउनुहुन्छ।

**ग**) पवित्र आत्माले नै काम गर्नुभएको उहाँ चाहनुहुन्छ।

६ हामी प्रत्येक व्यक्तिगत सुसमाचार प्रचारमा किन संलग्न हुनैपर्छ भनी देखाउने तीन कारणहरूको सूची बनाउनुहोस्।

**क**) ..............................................................................

**ख**) ..............................................................................

**ग**) ..............................................................................

## दर्शनको आवश्यकता छ

उद्देश्य २: *व्यक्तिगत सुसमाचार प्रचारमा किन दर्शनको आवश्यकता छ, व्याख्या गर्नुहोस्।*

हामी कठिनाइका दिनहरूमा बाँचिराखेका छौं। कोही-कोही मानिसहरूले परमेश्वरमा भरोसा राखेका आफ्ना विश्वासलाई त्यागेका छन्। अरूहरूले भूटा आत्माहरूको आज्ञा पालन र ईश्वरहीनताको शिक्षालाई पछ्याइरहेका छन्। सारा संसार नै खराबबाट अझै खराब हुँदै गएकोजस्तो देखिन्छ। नैतिक मूल्यहरू परिवर्तन भइराखेका छन्। सामाजिक महत्त्वहरू नाश भइरहेका छन्। रेडियो, टि.भी. र खबर पत्रहरूले हत्या, लडाइँ

र अनिकालको बारेमा हामीलाई बताइरहेका छन्। सहाराहीन आत्माहरूको तीब्र चिच्च्याइहरू जताततै सुनिन्छन्।

तर परमेश्वरले हामीलाई दर्शन नदिऊञ्जेलसम्म हामीले खाँचो देख्न र चित्कार सुन्न सक्नेछैनौं। व्यक्तिगत साक्षी दिनका लागि तपाईं र मैले उद्धार नपाएका मानिसहरूको अवस्थाको सम्बन्धमा स्पष्ट दर्शन र समझदारी प्राप्त गर्नुपर्छ। खाँचोमा परेका यी मानिसहरूलाई सहायता पुऱ्याउनका लागि यस दर्शनले हामीलाई गहिरो इच्छा दिन्छ।

माकेडिनियन मानिसको चित्कारको दर्शन प्रेरित पावल अर्थात् पौलसले देखेपछि प्रेरित १६:९ उनले अलिकति समय पनि खेर फालेनन्। उनी र उनका सहकर्मीहरू त्यहाँ गए र त्यसको फल स्वरूप यूरोपको त्यस भाग उलटपुलट भयो। त्यस-पछि ख्रीष्टको लागि लाखौं मानिसहरूलाई जितिने काम भएकोछ।

यरूशलेममा भएका मानिसहरूको सामान्य अवस्था देखेपछि येशू दयाले भरिएर रून थाल्नुभयो। यदि तिनीहरूले उहाँको प्रेमलाई मात्र बुझेका भए, तिनीहरूले उहाँलाई ग्रहण गर्नेथिए र कुखुरीले आफ्ना चल्लाहरूलाई छोपेझैं उहाँले पनि तिनीहरूलाई छोप्नुहुनेथियो (लूका १३:३४)।

पापको विरुद्धमा भएको हाम्रो दैनिक युद्धमा दर्शनले हामीलाई बल र साहस दिनेछ। नजीकैको फसलमा हाम्रा आँखा लगाउन र परमेश्वरले मानिसहरूलाई देखेजस्तै गरी तिनीहरूलाई देख्न दर्शनले सहायता पुऱ्याउनेछ। मानिसहरूलाई मृत्युबाट छुटकारा दिनका लागि दर्शनले सहायता पुऱ्याउनेछ।

यो शक्तिशाली दर्शन हामीमा भएन भने, हाम्रा वरिपरि भएका मानिसहरू तिनीहरूका आफ्नै पापमा मर्नेछन्। यो दर्शन दिनुहोस् भनी हामी फसलका प्रभुसँग बिन्ती गरौं र यसरी हामी उहाँका इच्छा पूरा गर्न सक्नेछौं।

## तपाईंको अभ्यासको निम्ति

७ दर्शन हुनु भन्नुको अर्थ

क) आज संसारमा भएका सबै कुराहरू गल्ती छन् भनी देख्नु।

ख) परमेश्वरले देख्नुभएझैं नाश र मरिराखेका मानिसहरूलाई देख्नु।

८ हामीमा दर्शन हुनु आवश्यक छ, किनभने ....................

..........................................................

..........................................................

९ तपाईंको दर्शन जाँच्नुहोस्। तपाईंको बारेमा बताउने तालिकाको खाली ठाउँमा × चिन्ह लगाउँदा ईमानदारी हुनुहोस्।

| मेरो दर्शन | सबै समय | प्रायःजसो | कहिलेकहीँ |
|---|---|---|---|
| अरूहरूका आवश्यकताहरूको म महसूस गर्छु। | | | |
| मानिसहरूलाई हुने कुराहरूमा म वास्ता गर्छु। | | | |
| साक्षी दिने साहस मसँग छ | | | |
| अरूहरूलाई म येशूको बारेमा बताउन चाहन्छु | | | |
| ख्रीष्टलाई भेट्टाउनका लागि म अरू-हरूलाई सहायता गर्न चाहन्छु | | | |

## समर्पणको आवश्यकता छ

उद्देश्य ३: *साँचो समर्पणको रहस्य के हो सो व्याख्या गर्नुहोस्।*

हामीले पहिल्यै भनेजस्तै व्यक्तिगत सुसमाचार प्रचार यस्तो सुसमाचार प्रचार हो, जो सबै ख्रीष्टियानहरूलाई गर्ने आज्ञा दिइएको छ। तर जबसम्म हामी पूरा रूपले यस काममा समर्पित हुँदैनौं, यो हाम्रो जीवनको अभिन्न अङ्ग हो भनी जबसम्म हामी महसूस गर्दैनौं, हामीले असल नतीजाहरू देख्न सक्ने छैनौं। येशू आफ्नो काममा यति धेरै समर्पित हुनुहुन्थ्यो कि उहाँले आफ्ना चेलाहरूलाई यसो भन्नुभयोः "मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो" (यूहन्ना ३:३४)। "अब सिद्धियो!" भनी आफू कराएको दिनसम्म सबैभन्दा महान् व्यक्तिगत प्रचारकले यो "खाना (भोजन)" खाइरहनुभयो। जुन कामको निम्ति उहाँलाई पठाइएको थियो सो काम उहाँले पूरा गर्नुभयो।

> प्रेरित पावल पनि व्यक्तिगत सुसमाचार प्रचारमा समर्पित थिए। यरूशलेममा उनले धेरै कठिनाइहरू भोग्नुपर्छ भन्ने कुरा पवित्र आत्माले उनलाई बताउनुभएको थियो। मानवीय तर्कहरूद्वारा उनका सहकर्मीहरूले उनलाई यरूशलेममा जानबाट रोक्ने प्रयास गरे। तर पावलले भनेका कुरालाई ध्यान दिनुहोस्ः तिमीहरू यसरी रोएर मेरो मनलाई किन छिया-छिया पार्छौ? किनकि प्रभु येशूको नाउँको निम्ति कैदमा पर्नु मात्र होइन, तर यरूशलेममा मर्न पनि म तयार छु (प्रेरित २१:१३)।

कामचाहिँ उनको आफ्नै जीवनभन्दा पनि महत्त्वपूर्ण छ भनी पावलले देखे। आफू बाँच्नु र मर्नुमा कुनै भिन्नता नभएको उनले महसूस गरे। जुन कामको निम्ति आफूलाई पठाइएको थियो सो काम उनले पूरा गरे।




**तपाईंको अभ्यासको निम्ति**

कोष्ठमा दिइएका ठीक शब्दहरूलाई छानी खाली ठाउँमा लेख्नुहोस्।

१० प्रेरित पावलले .................... (स्वास्थ्य\जीवन)-भन्दा .................... महत्त्वपूर्ण देखे। (काम\भोजन)

११ तब हामी भन्न सक्छौं कि .............................. (काम\कामदार)-भन्दा ............... महत्त्वपूर्ण हुन्छ।

१२. परमेश्वरले काम गर्नुमा साँचो समर्पणको रहस्य
   **क**) मेरो आफ्नै इच्छाहरूलाई भन्दा परमेश्वरको इच्छालाई पहिलो स्थान दिनु हो।
   **ख**) मलाई जे असल लाग्छ सोही गर्नु हो।

---

## प्रार्थनाको आवश्यकता छ

---

उद्देश्य ४: *सेवकहरूका आवश्यकताहरूका बारेमा ख्रीष्टियानहरूले प्रार्थना गर्दा के हुन्छ वर्णन गर्नुहोस्।*

येशूले आफ्ना चेलाहरूलाई ठूलो फसलको बारेमा देखाउनुभएपछि, उहाँले के गर्नुहुन्छजस्तो तपाईंलाई लाग्छ? उहाँले तिनीहरूलाई तुरुन्तै फसलको खेतमा पठाउनुपर्छजस्तो हामीलाई लाग्छ। तर होइन, उहाँले त्यसो गर्नुभएन। उहाँले भन्नुभयो, "फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलका खेतालाहरू पठाइदिऊन्" (लूका १०:२)।

जब हामी फसलका मालिकसँग प्रार्थना गर्छौं, हामीले हाम्रो ठूलो सरोकार देखाएका हुन्छौं। जबसम्म हामी सरोकार राख्दैनौं, अहिलेसम्म ख्रीष्टलाई नभेटेकाहरूलाई जबसम्म हामी प्रेम गर्दैनौं, हामी आफैले मात्र आवश्यकताहरू पूरा गर्न सक्दैनौं भनी जबसम्म हामी महसूस गर्दैनौं, हामीले प्रार्थना पनि गर्नेछैनौं।

*सीनै* भनिने पहाड़मा एक दिन परमेश्वरले मोशालाई भन्नुभयो कि मानिसहरूका पाप र अनाज्ञाकारिताका कारणले अब उहाँले तिनीहरू सबैलाई पूरै रूपमा नाश गर्नुहुनेछ। उहाँले मोशाबाट नयाँ जाति स्थापित गरी सबै कुरा नयाँ किसिमले शुरू गर्नुहुनेछ। यस्तो कुराले मोशालाई महिमित तुल्याउने भए तापनि उनले यसलाई स्वीकार गरेनन्। आफ्ना मानिसहरूका निम्ति

भएको उनको प्रेमको कारणले उनले तुरुन्तै प्रार्थना शुरू गरे र परमेश्वरसँग उहाँको कृपा र क्षमाको निम्ति बिन्ती गरे। परमेश्वरले उनको प्रार्थना सुन्नुभयो र उनको बिन्तीको जवाफ दिनुभयो (प्रस्थान ३२:३२)।

पेन्तिकोसको दिनमा परमेश्वरले १२० जनामाथि आफ्नो आत्मा खन्याउनुभयो, किनकि नाश भएकाहरूका निम्ति तिनीहरूमा ठूलो सरोकार छ भनी उहाँले देख्नुभयो (प्रेरित २:१-४)। येशू स्वर्गमा आफ्ना पिताकहाँ जानुभएको घटनालाई धेरै-धेरै चेलाहरूले देखेका थिए। पवित्र आत्माको आगमनको निम्ति यरूशलेममा पर्खिरहनु भनी उहाँले आज्ञा गर्नुभएको तिनीहरू धेरैले सुनेका थिए (प्रेरित १:१-५)। तर प्रतिज्ञा प्राप्त गर्नका लागि १२० जना मात्र प्रार्थनासहित पर्खनका लागि जम्मा भए। अनि तिनीहरूलाई नै प्रभुले आफ्नो फसलको कटनी गर्नका लागि पठाउनुभयो।

## तपाईंको अभ्यासको निम्ति

१३ नाश भइराखेका आत्माहरूका बारेमा साँचो सरोकार राख्ने ख्रीष्टियानहरूले

**क**) प्रार्थना गर्छन्।

**ख**) फिक्री गर्छन्।

१४ पेन्तिकोसको दिनमा प्रार्थना गर्ने विश्वासीहरू

**क**) आफ्नो फसलको कटनीमा पठाउन परमेश्वरले छान्नुभएका जनहरू हुन्।

**ख**) परमेश्वरको काममा त्यति समर्पित व्यक्तिहरू होइनन्।

१५ परमेश्वरले सेवकहरू पठाउनुभएको होस् भनी हामीहरूले प्रार्थना गर्दा हामीले महसूस गर्नैपर्छ कि
**क**) उहाँले हाम्रा प्रार्थनाहरूको उत्तर दिनुहुन्न
**ख**) उहाँले हामीलाई पठाउनुहुनेछ।

## नम्रताको आवश्यकता छ

उद्देश्य ५: *नम्रतालाई परिभाषित गर्नुहोस् र ख्रीष्टियान सेवकलाई यसको किन आवश्यकता छ बताउनुहोस्।*

व्यक्तिगत सुसमाचार प्रचारमा सबैभन्दा ठूलो खतराचाहिँ सेवकले आफ्नो सफलता हेरी यो आफैले गरेको हुँ भनी विचार गर्नु हो। तपाईं र मलाई परमेश्वरले पठाउनुभएको छ। साक्षी दिने हाम्रा सबै काममा हामीले हाम्रा प्रभुको नाउँलाई प्रयोग गरिराखेका छौं। यदि फसलका प्रभुले हाम्रा कामलाई आशिष् दिनुहुन्छ र नतीजाहरू उत्पादन गराउनुहुन्छ भने, हामी आफैमा घमण्ड नगर्नका लागि हामी सचेत हुनुपर्छ। हामीलाई पठाउनुहुने हाम्रा प्रभुमा पो हामीले आनन्द मनाउनुपर्छ। हाम्रा प्रभु येशूले चाहनुभएको भए आफैलाई उठाउन सक्नुहुन्थ्यो, र पनि उहाँले त्यसो नगरी आफैलाई नम्र तुल्याई आफ्ना पितालाई सम्पूर्ण महिमा दिनुभयो।

गोल्यातसँग लड्नका लागि दाऊदले आफैलाई अर्पण गरे (१ शमूएल १७:३४-३७)। उनको उद्देश्य के थियो? उनले गोल्यातलाई भनेका कुरा सुन्नुहोस्:

> "तँ ता मसँग लड्न तरवार, भाला, बर्छा लिएर आएको छस्, तर म तँसँग लड्न तैंले धम्क्याएका इस्राएलको फौजका परमेश्वर, सेनाहरूका परमप्रभुको नाउँमा आएको

छु। आजको दिन परमप्रभुले तँलाई मेरो हातमा सुम्पिदिनुहुनेछ। म तँलाई जित्नेछु र तेरो टाउको काट्नेछु... तब इस्राएलमा एउटा परमेश्वर हुनुहुँदोरहेछ भनी सारा संसारले थाहा पाउनेछ। यहाँ भेला भएका सबैले जान्नेछन् कि परमप्रभुले तरवार, भालाद्वारा बचाउनुहुन्न (१ शमूएल १७:४५-४७)।

दाऊद बहादुर र साहसी छन् भन्ने कुरा सारा संसारले जानोस् भनी दाऊदले भनेनन्। परमेश्वर सीमित हुनुहुन्न तर सबै परिस्थितिहरूमा बचाउनुहुन्छ भनी सारा संसारले जानेको उनी चाहन्थे।

फसलका खेतमा भएका कामदारहरूजस्तै हामी नम्र हुनैपर्छ। गरिएको कामको निम्ति हामीले कहिल्यै महिमा लिनुहुँदैन। हामीले फसलका प्रभुलाई नै सबै महिमा दिनैपर्छ। हामी उहाँद्वारा प्रयोग हुनका लागि इच्छुक हुनुपर्छ र यसरी अरूहरूले हामीमा उहाँको महिमा देख्न सक्छन्। व्यक्तिगत सुसमाचार प्रचारको काममा सेवकको साँचो हृदय यस्तै हुनुपर्छ।

**तपाईंको अभ्यासको निम्ति**

१६ *नम्रता*को विपरीत शब्द कुन हो?

**क**) निस्स्वार्थता

**ख**) घमण्ड

१७ ख्रीष्टियान सेवक नम्र हुनैपर्छ र उसले सबै महिमा परमेश्वरलाई दिनुपर्छ किनकि,

**क**) परमेश्वरविना सेवकले केही पनि गर्न सक्दैनन्।

**ख**) सेवकको जिम्मा परमेश्वरको भन्दा ठूलो हुन्छ।

## समझको आवश्यकता छ

उद्देश्य ६: *व्यक्तिगत सुसमाचार प्रचारमा प्रभावशाली हुनका निम्ति सेवकमा आवश्यक पर्ने दुइ कुराहरूको वर्णन गर्नुहोस्।*

### आफ्नो काम जान्नुहोस्

व्यक्तिगत सुसमाचार प्रचारकले आफ्नो काम गर्ने कोशिश नगरी अर्को काम गर्न खोजेको देख्नु दुःखलाग्दो कुरा हो। हामी परमेश्वर *सँग* एकैसाथ सहकर्मीहरू हौं (१ कोरिन्थी ३:९)। हामीले परमेश्वरका *निम्ति मात्र* काम गरेका छैनौं। मण्डलीमा भएका अन्य सेवकहरूमा जस्तै व्यक्तिगत सुसमाचार प्रचारमा पनि हामीले गर्नुपर्ने र परमेश्वरले गर्नुहुने कामहरू छन्। जब दुवै अङ्गहरू आ-आफ्ना उचित ठाउँहरूमा बस्छन्, तब असल नतीजाहरू प्रकट हुन्छन्।

हामीलाई बीउ छर्न, रोप्न र पानी हाल्न पठाइएको छ। यसको अर्थ यही हुन्छ कि ख्रीष्टले हाम्रा निम्ति गर्नुभएको काम-



को सुसमाचार हामी बाँड्छौं र बाँड्ने सबै मौकाहरूलाई हामी सदुपयोग गर्छौं। बाँकी कुराचाहिँ परमेश्वर, उहाँका पुत्र र पवित्र आत्माका हुन्।

मानिसहरूले उद्धार पाएको देख्नु असल कुरा हो। हाम्रो साक्षीद्वारा तिनीहरू परमेश्वरमा फर्केको देख्नु असल कुरा हो। तर हाम्रो बोलाइद्वारा हामी मानिसहरूलाई तिनीहरू पापी छन् भन्ने कुरामा कायल पार्न सक्दैनौं। हामीले बोल्दा परमेश्वरका आत्माले नै तिनीहरूलाई कायल पार्नुहुन्छ। हामी मानिसहरूलाई पापबाट उद्धार गर्न सक्दैनौं। तर ख्रीष्टले हामी *द्वारा* सक्नुहुन्छ।

यसैले, हामीले धेरै नतीजाहरू देखे पनि वा नदेखे पनि हाम्रो जिम्मा, हाम्रो कामचाहिँ सुसमाचार फैलाउनु, र ख्रीष्टविना मर्नुपर्ने खतराको चेताउनी मानिसहरूलाई दिनु हो। किनकि हामीलाई पठाउनुहुनेले हामीलाई भन्नुभएको छ कि उद्देश्य प्राप्त गर्नको लागि उहाँको वचन कहिल्यै असफल हुनेछैन (यशैया ५५:११)। यसैले परमेश्वरसँगको जिम्मेवारीमा हामी व्यापार वा गोलमाल गर्ने कोशिश नगरौं।

**बाइबल जान्नुहोस्**

बाइबल अर्थात् परमेश्वरको वचनको सामान्य ज्ञान प्राप्त नगरी व्यक्तिगत सुसमाचार प्रचारकले आफू प्रभावशाली हुने कुरामा केवल आशावादी हुन सक्दैन। हामीले बाइबलको मुख्य-मुख्य विभाजन थाहा पाउनुपर्छ। ख्रीष्टको बारेमा मानिसहरूलाई बताउँदा हामीलाई सहायता पुऱ्याउने मुख्य पदहरू कसरी भेट्टाउने सम्बन्धमा हामीलाई थाहा हुनुपर्छ। यी पदहरूलाई व्याख्या गर्न र प्रयोग गर्नलाई हामीले जान्नुपर्छ। आफ्नै ख्रीष्टियान वृद्धि र अनुभवका निम्ति आत्मा जित्ने प्रत्येक ख्रीष्टियानले बाइबलको आधारभूत ज्ञान जान्नैपर्छ। वचनले नै विश्वास ल्याउँछ भनी हामी व्यक्तिगत प्रचारकहरूले यस कुरालाई हाम्रा मनमा राख्नैपर्छ।

वचनले नै मानिसहरूलाई कायल बनाउँछ। यसले जीवन परिवर्तन गरिदिन्छ। यसले हामीलाई पवित्रताको बारेमा सिकाउँछ। पापमा पतन हुनबाट यसले हामीलाई जोगाउँछ। हामीले वचन जानेपछि ठीक समयमा ठीक कुराहरू बोल्न यसले हामीलाई सहायता पुऱ्याउँछ।

## तपाईंको अभ्यासको निम्ति

१८ प्रत्येक ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) परमेश्वरको निम्ति भएको हाम्रो काम मानिसहरू पापी हुन् भनी तिनीहरूलाई कायल बनाउनु हो।

**ख**) हामी परमेश्वरसँग सहकर्मी भएका हुनाले हाम्रो काम छ र उहाँको पनि काम छ।

**ग**) व्यक्तिगत सुसमाचार प्रचारकहरू हुनका लागि हामीले बाइबललाई पूर्ण किसिमले बुझ्नु आवश्यक छ।

**घ**) यदि हामीले हाम्रा व्यक्तिगत काममा नतिजाहरू देखेनौं भने, हामीले हाम्रो काम गरेका छैनौं भन्ने बुझिन्छ।

**ङ**) ख्रीष्टियानको मुख्य काम येशू ख्रीष्टको बारेमा सुसमाचार फैलाउनु हो।

**च**) मानिसलाई ख्रीष्टमा ल्याउने काममा परमेश्वरको वचनले जहिले पनि आफ्नो उद्देश्य पूरा गर्छ भन्ने कुरा हामीलाई थाहा छ।

१६ यी प्रत्येक बयानहरूको अर्थ के हुन्छ सो व्याख्या गर्नका लागि आफ्नो अभ्यास-पुस्तिकामा एक वाक्य लेख्नुहोस्।

क) आफ्नो काम जान्नुहोस् ..................................

ख) बाइबल जान्नुहोस् ..........................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ परमेश्वर

२ ख्रीष्टमा विश्वासीहरू

३ पुरुष र स्त्रीका आत्माहरू

४ क) ठीक
ख) बेठीक
ग) ठीक
घ) ठीक
ङ) बेठीक

५ क) सेवकहरू जाऊन् भनी हामीले प्रार्थना गरेको उहाँ चाहनुहुन्छ।

६ क) ख्रीष्टविना मानिसहरू मरिराखेका छन्।
ख) जनसंख्या वृद्धि भइरहेछ।
ग) आफ्ना सेवकहरूका रूपमा हामीलाई प्रयोग गर्न परमेश्वरले हामीलाई छान्नुभएको छ।

७ ख) परमेश्वरले देख्नुभएझैं नाश भएका र मरिराखेका मानिसहरूलाई देख्नु।

८ ख्रीष्टविनाका मानिसहरूको ठूलो आवश्यकतालाई देख्ने एक मात्र तरीका त्यही नै हो।

९ नाश भइरहेका र मरिरहेका मानिसहरूका बारेमा विचार गर्नुहोस्, जसलाई तपाईं चिन्नुहुन्छ। तिनीहरूकहाँ सुसमाचार लिएर जानका लागि अझै ठूलो दर्शन दिनुहोस् भनी परमेश्वरसँग बिन्ती गर्नुहोस्।

१० काम, जीवन

११ काम, सेवक

१२ क) मेरा आफ्नै इच्छाहरूलाई भन्दा परमेश्वरको इच्छालाई पहिलो स्थान दिनु हो।

१३ क) प्रार्थना गर्छन्।

१४ क) आफ्नो फसलको कटनीमा पठाउन परमेश्वरले छान्नुभएका जनहरू हुन्।

१५ ख) उहाँले हामीलाई पठाउनुहुनेछ।

१६ ख) घमण्ड

१७ क) परमेश्वरविना सेवकले केही पनि गर्न सक्दैन।

१८ क) बेठीक घ) बेठीक
ख) ठीक ङ) ठीक
ग) बेठीक च) ठीक

१९ तपाईंको उत्तरः म यसो भन्ने थिएँः
क) हामीले ख्रीष्ट येशूको बारेमा सुसमाचार बाँड्नुपर्छ, र बाँकीचाहिँ परमेश्वरलाई नै गर्न दिनुपर्छ।
ख) प्रभावशाली साक्षी हुनका लागि हामीले बाइबलको सामान्य बुझाइ र यसका मुख्य पदहरू जान्नु आवश्यक छ।